मिर्चैया नगरपालिका
Mirchaiya Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

मिर्चैया, सिरहा
Mirchaiya, Siraha
मधेशप्रदेश,नेपाल ।
Madhesh,Province,
Nepal

पत्र संख्या/Letter No.२०८१/०८२
चलानी नंबर/Dispatch No.:

मिति:२०८१।०८।०६

## तह वृद्धि /स्तर वृद्धि सम्बन्धी सूचना।

मधेश प्रदेश सरकारबाट जारी भएको "मधेश प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा १५७(२) वमोजिम प्रदेश लोकसेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम धनुषाको प.स. २०८१/०८२, च.नं. १६९, मिति २०८१/०७/०९ को पत्रवाट परामर्श प्राप्त भए वमोजिम सोही ऐनको दफा २९ बमोजिम तह वृद्धि/स्तरवृद्धि गर्नु पर्ने भएकोले तपसिल बमोजिम सेवा अवधि तथा न्यूनतम शैक्षिक योग्यता पुगेका र सोही ऐनको दफा ३२ को अवस्था नरहेका मिर्चैया नगरपालिकाका स्थायी कर्मचारीहरुले सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र मिर्चैया मिर्चैया नगरपालिकाको कर्मचारी तह वृद्धि /स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ बमोजिम नगरपालिकाको प्रशासन शाखामा निवेदन पेश गर्न हुन् यस कार्यालयको मिति २०८१/०८/०५ को निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

(क) स्थानीय सेवा ( स्थानीय स्वास्थ्य सेवा बाहेक )

| क्र.स. | हालको तह | तह बृधि हुने पद | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | पाँचौ | छैटौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाण तह वा कक्षा १२ उत्तीर्ण गरेको |
| २ | सातौं | आठौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको |
| ३. | नबौ | दसौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको |

(२) स्थानीय स्वास्थ्य सेवा

| क्र.सं | हालको तह | स्तरवृद्धि हुने तह | सम्बन्धित तहमा सेवा गर्नु अवधि |
|---|---|---|---|
| १. | चौथो | पाँचौ | पाँच वर्ष |
| २. | पाँचौ:<br>(क) शुरू नियुक्ति भएका वा पाँचौं तहमा स्तरवृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका | छैठौ | पाँच वर्ष |

Email :– munmirchaiya272@gmail.com
website :mirchaiyamun.gov.np
phone no. 033550101

प्रमुख प्रशासकीय अधिकृत

मिर्चैया नगरपालिका
Mirchaiya Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

मिर्चैया, सिरहा
Mirchaiya, Siraha
मधेशप्रदेश,नेपाल ।
Madhesh,Province,
Nepal

पत्र संख्या/Letter No.२०८१/०८२

| | | | |
|---|---|---|---|
| | ख) पाँचौ तहमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा भए वा स्तरवृद्धि भएका मध्ये सो तहको लागि न्यूनतम शैक्षिक योग्यता नभएका । | छैठौं | पाँच वर्ष |
| ३. | छैठौं | | |
| | क) छैठौं तहमा लोक सेवा आयोगको प्रक्रिया पूरा गरी नियुक्त भएका | सातौ | स्वतः |
| | ख) छैठौं तहमा स्तरवृद्धि भएका मध्ये बरिष्ठ पाँचौ तहमा तह मिलान भएका | सातौ | पाँच वर्ष |
| | (ग) छैठौं तहमा स्तरवृद्धि भएका मध्ये पाँचौ तहमा शुरू नियुक्ति भएका | सातौ | पाँच वर्ष |
| ४. | सातौं | | |
| | (क) मेडिकल अधिकृत, डेण्टल अधिकृत, आयुर्वेद चिकित्सक, एकिकृत चिकित्सा अधिकृत वा सो सरहका अन्य चिकित्सा अधिकृत | आठौं | स्वतः |
| | (ख) खण्ड (क) बाहेकका छैठौं तहमा शुरू नियुक्ति भई सातौ तहको पदमा स्तरवृद्धि भएका र सातौ तहमा शुरू नियुक्ति भएका अन्य अधिकृत कर्मचारीहरु | आठौं | तिन बर्ष |
| ५. | नबौ | दसौ | दुइ बर्ष |

विष्णु रञ्जन बराल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Email :- munmirchaiya272@gmail.com
website :mirchaiyamun.gov.np
phone no. 033550101